# स्थानीय राजपत्र

**शैलुङ गाउँपालिकाद्वारा प्रकाशित**

खण्डः ३)　　　　　　संख्याः ०५,　　　　　　१० चैत्र, २०७६


# भाग–२

## शैलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय काटाकुटी दोलखा
## बागमती प्रदेश, नेपाल

## "शैलुङ गाउँपालिकाको होमस्टे सञ्चालन सम्बन्धी कार्यविधि, २०७६"

**प्रस्तावनाः** शैलुङ गाउँपालिका क्षेत्रका स्थानीय जनसमुदायमा स्वरोजगारको अवसर सिर्जना हुने तथा आम्दानी वृद्धिको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने प्रकृतिका ग्रामीण पर्यटन पूर्वाधारको दिगो विकास गर्ने ग्रामीण पर्यटनको माध्यमबाट बिपन्न, महिला, आदिवासी जनजाति र हालसम्म समेट्न नसकिएका समुहको समेत संलग्नता रहने गरी पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई समुदायको पहुचभित्र ल्याउने संरचनाको निर्माण गरी होम स्टेको माध्यमबाट पर्यटनको विकास, प्रबर्द्धन, व्यबस्थापन र नियमन गर्न होम स्टे कार्यविधि जारि गर्न आबश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २९१० ले दिएको अधिकार प्रयोग गरी शैलुङ गाउँपालिकाले होम स्टे सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ बनाई जारी गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यस कार्यबिधिको नाम "शैलुङ गाउँपालिकाको होम स्टे सञ्चालन सम्बन्धी कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यबिधि शैलुङ गाउँ कार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्त लागु हुनेछ।

२. **<u>परिभाषाः</u>** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले शैलुङ गाउँपालिकालाई सम्झनु पर्दछ।

(ख) "कार्यालय"भन्नाले शैलुङ गाउँपालिका गाउँ कार्यापालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

(घ) होम स्टे भन्नाले पर्यटकलाई आवास खाना, र अन्य सेवा प्रदान गर्ने उद्देश्यले आफ्नै घर समुदायमा निजि वा सामुहिक रुपमा सञ्चालन गरिएको सेवा सम्झनु पर्छ।

(ङ) शाखा भन्नाले शैलुङ गाउँपालिकाको सामान्य प्रशासन शाखा सम्झनु पर्छ।

(च) होम स्टे व्यवस्थापन समिति भन्नाले दफा ७ को उपदफा ९१० बमोजिम गठित समिति सम्झनु पर्छ।

(छ) होम स्टे इकाइ भन्नाले होम स्टे सञ्चालन गर्न व्यवस्थापन समिति अन्तर्गत रहेको प्रत्येक घर सम्झनु पर्छ।

३. **<u>उद्देश्यः</u>** होम स्टे सञ्चालनको मुख्य उद्देश्य देहाय बमोजिमको हुनेछः-

(क) पर्यटन व्यवसाय ग्रामीण क्षेत्रमा विस्तार गरी सो बाट प्राप्त प्रतिफलको पहुँच ग्रामीण समुदाय सम्म अभिवृद्धि गर्ने,

(ख) ग्रामीण क्षेत्रका जनतालाई पर्यटन सेवामा सहभागी गराउने,

(ग) ग्रामीण समुदायको आयस्रोत वृद्धि गरी जीवनस्तर सुधार गर्ने,

(घ) ग्रामीण तथा स्थानीय स्तरमा स्वरोजगारको विकासको माध्यमको रुपमा उपयोग गर्ने,

(ङ) पर्यटकलाई ग्रामीण जनजीवन चालचलनका साथै संस्कृतिको बारेमा जानकारी दिने,

(च) होम स्टे आवास सुविधा मात्र नभै पर्यटकलाई रितिरिवाज, कला संस्कृति र रहनसहनको उत्कृष्ट अनुभव हासिल गर्ने मौका प्रदान गर्ने,

(छ) शहरी वा बजार इलाकामा पर्यटकलाई सरल र सहज वातावरणमा बसोबासको व्यवस्था गर्ने,

४. **होम स्टेको वर्गिकरणः** अनुसुचि-१ मा उल्लेखित मापदण्ड पुरा गरी अलगर/अलग स्वामित्व भएका कम्तिमा पाचँवटा घरधनीले सामुहिक व्यवस्थापन गरी सञ्चालन गरेको होम स्टेलाई सामुदायिक ग्रामीण होमस्टे तथा शहरी एवं ग्रामिण क्षेत्रमा निजि स्तरमा सञ्चालित होम स्टेलाइ निजि होम स्टेका रुपमा बर्गिकरण गरिएको छ।

५. **पर्यटकीय क्रियाकलापः**

(१) होम स्टेले स्थानीय क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र क्रियाकलाप, परम्परागत खेलमा सहभागी गराउने, उपलब्ध हुने क्षेत्रमा जंगल ट्रेक, इको ट्रेक तथा दृश्यावलोकनको कार्यक्रम व्यवस्था गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम बाहेक होम स्टेले देहाय बमोजिमको कार्यक्रम आयोजना गर्नु पर्नेछः-

(क) स्थानीय सांस्कृतिक नाचगान तथा फुलमालाका साथ पर्यटकको स्वागत गर्ने,

(ख) पर्यटकलाई सामुदायिक भवन वा खुल्ला ठाउँमा मौलिक परम्परा वा संस्कृतिमा आधारित सांस्कृतिक कार्यक्रमको प्रस्तुति, मेला, जात्रा जस्ता गतिविधिहरु आयोजना गरी सहभागी गराउने।

(ग) सांस्कृतिक सम्पदा, संग्रहालय, घरेलु तथा हस्तकला सामाग्री उत्पदान केन्द्र, जंगल, वन्यजन्तु तथा चरा अवलोकन गर्ने व्यवस्था गर्ने,

(घ) स्थानीय कृषि, घरेलु तथा हस्तकला प्रविधिमा सहभागी गराई पर्यटक तथा स्थानीय जनता बिच जीवनशैली, कला संस्कृति आदि विषयमा अनुभव तथा ज्ञानको आदान प्रदान गराउने,

(ङ) पर्यटकको बिदाई गर्दा स्थानीय संस्कृति झल्किने मायाको चिनो सहित टीका तथा फुलमाला पहिराउने।

## ६. <u>दर्ताको लागि निवेदनः</u>

(१) होम-स्टे सञ्चालन गर्न चाहानेले देहाय बमोजिमको कागजात सहित अनुसुचि-२ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ,

(क) सामुदायिक होमस्टेको हकमा कम्तिमा पाचँजना घरधनीले आ-आफ्नो घरमा सामुहिक रुपमा होम-स्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिबद्धता तथा निजि होम-स्टेको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ख) जग्गा धनिको प्रमाण पुर्जाको प्रितिलिपि वा पैतृक सम्पति यकिन हुने प्रमाण वा मन्जुरीनामा वा भाडामा लिएको भए त्यसको प्रतिलिपि वा सहरी क्षेत्र भएमा नक्सा पासको प्रतिलिपि,होम स्टे सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(ग) होम स्टे सञ्चालनको लागि अनुसुचि-४ बमोजिमको ढाँचामा विधान तयार गरी कार्य गर्न मञ्जुर भै साक्षीको रोहवरमा सहि छाप गरेको।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा शैलुङ गाउँपालिकको अध्यक्षले तोकेको प्रतिनिधिको संयोजकत्वमा सम्बन्धित वडाअध्यक्ष, स्थानीय तहका स्वास्थ्य, कृषि र वन वातावरण हेर्ने कर्मचारी समेतको पाँच सदस्यीय समितिले निरीक्षण गरी अनुसुचि-१ बमोजिमको मापदण्ड पुरा गरी शैलुङ गाउँपालिका कार्यालयमा प्रतिवेदन दिनु पर्नेछ।

(३) उपदफा (२)बमिजिमको निरीक्षणबाट अनुसुचि-१ बमोजिमको मापदण्ड पुरा भएको प्रतिवेदन प्राप्त भएमा शाखा वा सम्बन्धित कार्यालयले प्रत्येक होमस्टेलाई इकाइको रुपमा दर्ता गरी अनुसुचि-३ बमोजिमको ढाचाँमा होम स्टे दर्ता प्रमाणपत्र दिनेछ।

(४) मापदण्ड पुरा नगरेकाको हकमा आवश्यक सुधार गर्न समय दिइनेछ र पुनः स्थलगत निरीक्षण गरिनेछ।

## ७. होमस्टे व्यवस्थापन तथा सञ्चालनः

(१) सामुदायिक होमस्टे सञ्चालन गर्न चाहने सञ्चालकहरुले समुदायको भेलाबाट देहाय बमोजिमको पाँच वा सात वा एघार जना सम्मको होमस्टे सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्नुपर्नेछ,

(क) समुदायको सदस्यबाट एक जना- अध्यक्ष

(ख) समुदायको सदस्यबाट एक जना- उपाध्यक्ष

(ग) समुदायको सदस्यबाट एक जना- सचिव

(घ) समुदायको सदस्यबाट एक जना- कोषाध्यक्ष

(ङ) समुदायको सदस्यबाट बढीमा सात जना सम्म- सदस्य

(२) होम स्टेमा सहभागी घर सङ्ख्याको आधारमा समावेशी हुने गरी समुदायले संख्या निर्धारण गरी सदस्यको चयन गर्न सक्नेछ।

(३) होमस्टे व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ,

(क) पर्यटकीय क्रियाकलाप र पर्यटकहरुले पालना गर्नुपर्ने आचार संहिताको बारेमा जानकारी गराउने।

(ख) पर्यटकहरुको स्वागत तथा आवासको व्यवस्था मिलाउने।

(ग) पर्यटकको दर्ता व्यवस्था गर्ने,

(घ) आय व्ययको श्रेस्ता व्यवस्थित राख्ने,

(ङ) प्रत्येक होमस्टेको नियमित अनुगमन गर्ने,

(च) स्थानीय भ्रमण प्याकेजहरुको निर्माण र प्रचार प्रसार गर्ने,

(छ) स्थानीय वातावतण, परम्परा, शैली तथा संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने।

(ज) सांस्कृतिक कार्यक्रमहरु प्रदर्शनीको व्यवस्थापन गर्ने

(झ) होम स्टेको साइनेज तथा लोकेसन म्याप तयार गर्ने,

(ञ) मेनु, मुल्य निर्धारणमा एकरुपता कायम गर्ने,

(ट) प्रत्येक आर्थिक बर्षको समाप्ति भएको तीस दिन भित्र पर्यटकको सङ्ख्या, प्रमुख क्रियाकलाप, आय तथा व्यय देखिने बार्षिक प्रतिवेदन शाखा वा कार्यालयमा पठाउने,

(ठ) होम स्टेको विकास, प्रवर्धन तथा व्यवस्थापनमा लागि अन्य आवश्यक कार्यहरु गर्ने,

८. **गाउँपालिका होम स्टे समन्वय समिति:** (१) गाउँपालिकामा देहाय बमोजिम एक होम-स्टे समन्वय समिति गठन गर्न सकिनेछ।

क) गाउँपालिकाको उपाध्यक्ष- अध्यक्ष
(ख) सम्बन्धित वडाको वडाध्यक्ष- सदस्य
(ग) पूर्वाधार विकास शाखा प्रमुख- सदस्य
(घ) कृषि विकास शाखा वा इकाइ प्रमुख- सदस्य
(ङ) स्वास्थ्य शाखा वा इकाइ प्रमुख- सदस्य
(च) पशु पंक्षी विकास शाखा वा इकाइ प्रमुख- सदस्य
(छ) सामाजिक विकास शाखा प्रमुख वा पर्यटन हेर्ने शाखा वा इकइ प्रमुख सदस्य सचिव

(२) गाउँपालिका होम-स्टे समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) होम स्टे सञ्चालन गर्न सकिने सम्भाव्य स्थानहरुको पहिचान गर्ने,
(ख) होम स्टे दर्ताको लागि सिफारिस गर्ने,
(ग) होम स्टेको लागि आवश्यक पूर्वाधार विकास गर्न सुझाव दिने,
(घ) आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने,
(ङ) सम्भाव्य पर्यटकीय सम्पदाहरुको विवरण तयार पार्ने,
(च) होम-स्टे क्षेत्रमा अर्गानिक (विषादी रहित) पशु, पंक्षि, कृषि उपजलाइ प्रवर्द्धन तथा प्रोत्साहन गर्ने।
(छ) स्थानीय वातावरण, परम्परा, शैली तथा संस्कृतिको संरक्षण गर्ने, सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शन गर्न सुझाव दिने।
(ज) स्थानीय उत्पादन तथा उत्पादकत्व वृद्धिको लागि सुझाव दिने।

९. **अनुगमन तथा निरिक्षण सम्बन्धी व्यवस्था:**

(१) शैलुङ गाउँपालिकाको कार्यालयले आवश्यकता अनुसार समय समयमा होम-स्टे व्यवस्थापन समितिका कार्यहरु तथा प्रत्येक होमस्टेको इकाईको अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निरीक्षणका क्रममा तोकिएको मापदण्ड पुरा नगर्ने होम-स्टेलाई मनासिव माफिकको म्याद दिई मापदण्ड पुरा गर्न लगाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र पनि मापदण्ड कायम गर्न नसकेका होमस्टेलाई शैलुङ गाउँपालिकाको कार्यालयले रद्द वा खारेज गर्न सक्नेछ।

**१०. <u>नविकरण:</u>**

(१) प्रत्येक होमस्टेले हरेक वर्ष आर्थिक बर्ष समाप्त भएको छ महिना भित्र होमस्टे नविकरणको लागि शैलुङ गाउँपालिकाको कार्यालयमा रु.५००/- दस्तुर तिरी देहाय बमोजिमको कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ।

(क) विगतको बर्षको आय ब्यय र होम स्टेले प्रदान गरेको सेवा सुविधा तथा पर्यटक आगमनको लगत विवरण।

(ख) सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन समितिको प्रतिवेदन।

(२) उपदफा (१) बमोजिमको नविकरणको लागि निवेदन पर्न आएमा कार्यालयले सम्बद्ध होमस्टेको निरीक्षण गरी मापदण्ड पुरा भएको हकमा नविकरण गरिनेछ। मापदण्ड पुरा नभएका होमस्टेको हकमा कार्यालयले नविकरण गर्नेछैन।

**११. <u>प्रचार प्रसार तथा बजारिकरण:</u>** होम-स्टेको होडिङ बोर्ड, साइन बोर्ड, ब्रोसियर, पोष्टर, सिडि जस्ता प्रचार प्रसारका सामाग्रीहरुको उत्पादन, वेभसाइड, पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव, मेला, महोत्सव, गैरआवासिय नेपालीसँगको सहकार्य, टुर, अपेरेटर तथा पत्रकारलाई परिचयात्मक कार्यक्रम, भ्रमण प्याकेजको निर्माण तथा ट्रेकिङ एजेन्सीसँग सहकार्य समेतका कार्यहरु गरी होम-स्टेको प्रचार प्रसार तथा बजारिकरण गर्नेछ।

**१२. <u>गाउँपालिकाबाट सहयोग र समन्वय:</u>**

गाउँपालिकाले होम-स्टे सञ्चालन, ब्यवस्थापनको अवस्था हेरी लागत सहभागितामा वा गाउँपालिकाको मात्र लागतमा देहाय अनुसारको क्षेत्रमा सहयोग तथा समन्वय गर्न सक्नेछ।

(क) जिल्ला, प्रदेश, संघबीच समन्वय र सहजीकरण कार्य गर्ने

(ख) पूर्वाधार विकास र क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,
(ग) पर्यटकलाई स्वास्थ्य सम्बन्धी जनचेतना जगाउने
(घ) आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने
(ङ) सम्भाव्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने, निर्माण, संरक्षण, मर्मत सम्भार तथा जिर्णोद्धार गर्ने
(च) होम स्टे सञ्चालन सम्बन्धी आधारभूत तालिम सञ्चालन गर्ने,

**१३. <u>विविधः</u>** (१) प्रसिद्ध धार्मिक तिर्थस्थलमा दर्शनको लागि आउने दर्शनार्थी तथा तिर्थालुहरुको बसोबास र खानपिनको बन्दोवस्त मिलाउनको लागि त्यस प्रकारको क्रियाकलाप सञ्चालन गर्न स्थानीय समुदाय समेतको सहभागिमा कार्ययोजना सहित अनुरोध भएमा यस कार्यविधिमा भएको प्रावधानको अधीनमा रहि सञ्चालन अनुमति प्रदान गर्न सकिनेछ।

(२) होम स्टेमा ट्राभल एजेन्सी मार्फत आउने पर्यटकको बीमा गराउने जिम्मेवारी सम्बन्धित ट्राभल एजेन्सीको हुनेछ।

(३) होमस्टे सञ्चालन गर्ने सञ्चालकले प्रचलित नेपाल कानून बमोजिम नेपाल राष्ट्र बैङकको पूर्व स्विकृति लिएर मात्र बिदेशी मुद्राको कारोबार गर्नु पर्नेछ।

(४) होमस्टे सञ्चालन सम्बन्धी आधारभूत तालिम नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रशिक्षण प्रतिष्ठान लगायत अन्य स्विकृत प्राप्त तालिम केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ।

**१४. <u>वचाउः</u>** यस अघि होम-स्टे दर्ता, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा भए गरेका काम कारवाहीहरु यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ।

# अनुसुचि-१
## दफा ४ सँग सम्बन्धित
## होम स्टे संचालनका आधारभूत मापदण्ड

१. **<u>होम-स्टेका लागि घर र कोठाः</u>**

(क) प्रत्येक सामुदायिक होम-स्टेका लागि भिन्न भिन्न स्वामित्व भएका कम्तिमा ५ वटा घर (होमयुनिट) हुनुपर्नेछ । एक आपसमा सहज पहुचँका लागि बाटोको प्रबन्ध भएको, घरहरु मौलिक संस्कृति झल्किने र हावा हुरी, जंगली जनावर आदिबाट सुरक्षित हुनुपर्ने, खुलाङ्ग तर सुरक्षाका हिसाबले मजबुत हिलो तथा धुलोरहित सफासुग्घर हुनुपर्नेछ।

(ख) होमस्टेमा पाहुनाका लागि कम्तिमा एउटा अलग्गै कोठा हुनुपर्नेछ।

(ग) होमस्टे सञ्चालन गर्ने एक घरमा बढीमा ४ कोठा पर्यटकका लागि छुट्टयाउन सकिनेछ।

(घ) एउटा कोठामा बढीमा २ ओटा मात्र ओछ्यान रहनुपर्नेछ । ओछ्यान कम्तिमा ६.५ फिट लम्बाई र ३ फिट चौडाईको हुनुपर्नेछ।

(ङ) भुईमा कार्पेट वा राडि वा सफा गुन्द्रि ओछ्याएको हुपर्नेछ।

(च) ढोकामा खुट्टा पुछ्ने बोरा वा डोरम्याट भएको हुनेपर्नेछ।

(छ) नरम खालको सेतो तन्ना भएको र सेतै खोल भएका ओढ्नेको व्वयस्था हुनुपर्नेछ

(ज) भित्तामा वा ढोकाको पछाडीपट्टि लुगा झुण्ड्याउने व्यवस्था भएको हुनुपर्नेछ।

(झ) कोठामा बिजुली बत्ती वा लालटिन को व्यबस्था हुनुपर्नेछ।

(ञ) सुत्ने कोठामा धुवाँ नआउने प्रकारको व्यवस्था हुनुपर्नेछ।

(ट) सुत्ने कोठामा राम्रा राम्रा दृश्य तथा स्थानीय संस्कृति झल्किने तस्वीरहरु सजाएको हुनुपर्नेछ।

(ठ) फोहोर फाल्ने एउटा टोकरी (डस्टवीन) को व्यवस्था हुनुपर्नेछ।

(ङ) सम्भव भएसम्म प्रत्येक पाहुनाका लागि एकजोर चप्पल को व्यवस्था हुनुपर्नेछ। कम्तीमा एक कोठामा एकजोर चप्पल भने अनिवार्य राख्नुपर्नेछ।

(ढ) सम्भव भएसम्म भित्तामा आधा शरिर देखिने ठुलो ऐना झुण्ड्याएको हुनुपर्नेछ । ठूलो प्रकारको सम्भव नभए पनि कम्तीमा एउटा ऐना अनिवार्य राख्नुपर्नेछ।

(ण) सम्भव भएसम्म सुत्ने कोठामा चिया टेबुल राख्नु पर्नेछ।

(त) सम्भ भएसम्म सुत्ने कोठामा दुई वटा कुर्सि राख्नु पर्नेछ । कम्तीमा एउटा कुसी अनिवार्य हुनुपर्नेछ।

## २. <u>शौचालय र स्नान घरः</u>

(क) सुबिधायुक्त र राम्रो शौचालय हुनु पर्नेछ।

(ख) होम स्टे सञ्चालन गर्ने घर वा समुदायमा नुहाउने प्रबन्ध (छुट्टै बाथरुम वा कम्तिमा छेकिएर नुहाउन सकिने सुबिधायुक्त स्नानघर) को प्रवन्ध हुनुर्नेछ।

(ग) स्नानघरमा पानीको वाल्टि, मग सावुन, रुमाल आदि आधारभुत वस्तुहरु हुनुपर्नेछ ।

## ३. <u>भान्छा कोठा र खाना खाने व्यवस्थाः</u>

(क) पाहुना राख्ने घर र कोठा नजिक गाई भैसी अथवा भेडाबाख्रा, सुगुँर, कुखुरा आदि बाध्न वा पाल्न नहुने।

(ख) धेरै धुवाँ नहुने वा धुवाँ व्यवस्थापन गरिएको भान्साकोठा।

(ग) पानीको सुविधा मिलाउनुपर्ने र पिउने पानी फिल्टर गेरर वा उमालेर मात्र दिने।

(घ) स्थानीय खानाका परिकारहरुलाई स्वस्थकर ढङ्गले पकाउने र खुवाउने प्रवन्ध हुनुपर्ने।

(ङ) पाहुनालाई राम्रो सँग पलेटि कसेर खान मिल्ने ठाउँ हुनुपर्ने।

(च) खानपिनका सामाग्रीको विवरण तथा मुल्य निर्धारण गरिएको हुनुपर्ने।

(छ) सकेसम्म स्थानीय उत्पादन प्रयोग हुने खानाको परिकार हुनेपर्ने।

(ज) सकेसम्म बिषादी रहित तथा अर्गानिक खाना हुनुपर्नेछ।

४. **स्वास्थ्य, सरसफाई तथा सुरक्षा**

(क) मुसा, लामखुट्टे, उडुस, उपियाँ आदिबाट सुरक्षित हुनुपर्ने, दुर्गन्ध वा गाई भैसीको गोठबाट टाढा हुनुपर्ने, सामुदायिक रुपमा प्राथमिक उपचारको व्यवस्था हुनेपर्ने, खुल्ला नालि र ढल हुन नहुने।

(ख) वातावरण मैत्री, पर्यटन क्रियाकलाप, पर्यटकीय सम्पदाहरुको संरक्षण, सार्वजनिक शौचालयको व्यवस्था, बृक्षारोपण भएको हुनु पर्नेछ।

# अनुसुचि-२
## (दफा ६ (१) सँग सम्बन्धित)
## होम-स्टे सञ्चालनका लागि दिइने निवेदनको ढाँचा

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**शैलुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, दोलखा**

म/हामीहरुले दोलखा जिल्ला शैलुङ गाउँपालिका, वडा नं. .........टोल/गाउँ..................मा सञ्चालन गर्न लागेको................ होम स्टे सञ्चलनको लागि होमस्टे दर्ता गरी सञ्चालनको अनुमतिका लागि यो निवेदन पेश गरेको छु/छौं । शैलुङ गाउँपालिकाको होम स्टे सञ्चालन कार्यविधि, २०७६ को अधिनमा रहि आफ्नो होम स्टे सञ्चालन गर्ने छु/छौ।

**<u>संलग्न कागजातः</u>**

(१) होम स्टे सञ्चालन गर्ने निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपिहरु

(२) होम स्टे सञ्चालन गर्ने प्रत्येक घर धनिको जग्गा धनि प्रमाणपुर्जाको प्रतिलिपि

(३) प्रत्येक घर धनिले सञ्चालन गर्ने मञ्जुर गरेको कागजात सहित होमस्टे व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि

(४) व्यवस्थापन समिति गठन तथा दर्ता गर्ने सम्बन्धी स्थानीय भेलाको निर्णय

(५) निजि होम स्टेको सन्दर्भमा सम्बन्धित स्थानीय निकाय वा वडाको सिफारिस।

(६) आधारभुत प्रशिक्षण लिएको भए सोको प्रमाण पत्रको प्रतिलिपि

होम स्टे युनिटहरु (दर्ता हुने व्यक्तिहरुको विवरण)

| क्र.सं. | संचालकको नाम थर | ठेगाना |
|---|---|---|

**नोटः** सामुदायिक होम स्टेको हकमा व्यवस्थापन समितिको अध्यक्ष वा अधिकार दिएको व्यवस्थापन समितिको सदस्यले निवेदन दिनु पर्नेछ।

## अनुसुचि-३
## (दफा ६ (३) सँग सम्बन्धित)

प्रमाणपत्र नम्बर: मिति.................

................................ लाइ होम स्टे सञ्चालन कार्यबिधि, २०७६ मा व्यवस्था भए अनुसार सामुदायिक/निजि होम स्टेका रुपमा दर्ता गरी होमस्टे सञ्चालनका लागि यो प्रमाण पत्र प्रदान गरिएको छ।

(१) सदस्यको नाम: (२) ठेगाना (३) मान्य अवधि

HOME STAY OPERATIVE CERTIFICATE

...........home stay is registered/renewed as acommunity/private home stay under home stay operation procedures 2076 B.S.

(1) Name of the owner: (2) Adress of the tower:

(3) Valid up to ..........

**शर्तहरु**

१. व्यवस्थापन समितिसँग समन्वय गरी पर्यटकहरुलाइ बसोबासको व्यवस्था हुनुपर्ने छ।
२. चलन चल्ति वा निर्धारित मुल्य भन्दा बढी मुल्य लिन हुदैन।
३. स्थानीय समाजिक साँस्कृतिक वातावरणई असर पार्ने खालको क्रियाकलापहरु गर्नु गराउनु हुदैन।
४. यो प्रमाणपत्र तथा आचारसं हिता सबैले देख्ने स्थानमा राख्नु पर्नेछ।
५. व्यवस्थापन समितिसँग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ।
६. यो प्रमाण पत्र प्रत्येक आर्थिक बर्षमा नविकरण गराउनु पर्नेछ।

**अनुमति पत्र प्रदान गर्ने अधिकृतको**

नाम:

दर्जा:

दस्तखत:

मिति:

| क्रं.सं. | नविकरण मिति | मान्य अविधि | नविकरण गर्ने अधिकृतको दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसुचि-४
## (दफा ६ (१) सम्बन्धित)
## शैलुङ गाउँपालिका, गाउँ कार्यापलिकाको कार्यालय
## काटाकुटी, दोलका

## होम-स्टेको बिधानको ढाँचा
## परिच्छेद-१

१. प्रारम्भिक

(क) होम स्टेको नाम:

(ख) होम स्टेको कार्यालय रहने ठेगाना:

(ग) होमस्टेको कार्यक्षेत्र:

(घ) प्रारम्भ:

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

(क) विधान भन्नाले.................लाइ बिझाउछौं

(ख) “होम स्टे” भन्नाले......................लाई बिझाउछौं

(ग) “समित” भन्नाले यस विधान बमोजिम बसेको दफा १३ बमोजिम गठित कार्य समितिलाइ जनाउदछँ।

(घ) “सभा” भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाइ समेत जनाउछ।

(ङ) “नियम विनियम” भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउछ।

(छ) “स्थानीय अधिकृत” भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई जनाउदछँ।

(ज) “तोकिए वा तोकिए बमोजिम” भन्नाले यो बिधान र विधान अन्तर्गत बनेका नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(झ) “स्थानीय तह” भन्नाले शैलुङ गाउँपालिकालाई जनाउछ।

(ञ) “होम स्टे इकाइ:” भन्नाले होम-स्टे सञ्चालन गर्न व्यवस्थापन समिति अन्तर्गत रहेका प्रत्येक घर सम्झनु पर्छ।

(ट) होम स्टे क्षेत्र भन्नाले साधारण सभा वा व्यवस्थापन समितिले निर्णय गरी तोकेको, बढाएको वा घटाएको चार किल्ला तोकेको क्षेत्र सम्झनु पर्दछ।

३. संस्थाको छापः संस्थाको छाप..................। हुनेछ।

## परिच्छेद-२

४. उद्देश्य

५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः

## परिच्छेद-३
## सदस्यता

६. साधारण सदस्य

७. सदस्यता प्राप्तका लागि आवश्यक योग्यताः

८. सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था

९. सदस्यताको समाप्ति

## परिच्छेद-४
## साधारण सभा, कार्य समिति

११. साधारण सभाको गठन

१२. साधारण सभाको काम कर्तब्य र अधिकार

१३. सञ्चालन तथा व्यवस्थापन समितिको गठनः

१४. सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

१५. पद त्याग गर्न सक्नेः

१६. अन्य समितिहरुः

१७. पदाधिकारिको काम, कर्तव्य र अधिकार

१८. गणपुरक संख्या.

## परिच्छेद-६
## आर्थिक व्यवस्था

१९. संस्थाको कोषः

२०. खाता सञ्चालनः

२१. होम स्टेको खर्च गर्ने तरिकाः

२२. होम स्टेको लेखा र लेखा परीक्षण

२३. निर्वाचन सम्बन्धी व्यवस्था

२४. उम्मेदवार हुन योग्यता

२५. अविश्वास प्रस्ताव

२६. विधान संशोधन

२७ विनियम बनाउन सक्ने

२८. कर्मचारीको व्यवस्था

२९. संस्थाको विघटन

३०. व्याख्या

३१. गोप्यता भंग गर्न नहुने

३२. ऐन अनुसार हुने

३३ निर्देशनको पालना

३४. तदर्थ समितिः

**प्रमाणिकरण मिति : ०८ चैत्र, २०७६**

**आज्ञाले,**
**रामकुमार महतो**
**प्रमुख प्रशासकीय अधिकृत**